चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४४११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७४

# एम्बुलेन्स तथा नगर बस सेवामा नि:शुल्क / छुट सम्बन्धी सुचना !

(प्रथम पटक प्रकाशित मिति : २०७९/०८/१२ गते)

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०६/२६ गतेको बैठकबाट मङ्सिर १ गतेदेखि लागू हुने गरी एम्बुलेन्स र नगर बस सेवा नि:शुल्क / छुट प्राप्त गर्ने लाभग्राहीहरूको मापदण्ड तपसिल बमोजिम तोकिएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**(क) एम्बुलेन्स सेवा नि:शुल्क / छुट सुविधा प्राप्त गर्ने नागरिकहरू**

१. कम्तिमा चारपटक गर्भ जाँच गराएको गर्भवती वा सुत्केरी महिला घरदेखि चौरजहारी नगरपालिकाभित्र रहेका अस्पताल, स्वास्थ्य संस्थासम्म लिनुपर्ने भएमा ।

२. जेष्ठ नागरिक (७० वर्षमाथि), जनयुद्ध / जनआन्दोलनका घाइते, सहिद परिवार (आमा, बुवा, श्रीमान / श्रीमती र छोराछोरी) क र ख वर्गको परिचयपत्र प्राप्त अपाङ्गता भएका व्यक्तिहरूलाई चौरजहारी नगरपालिकामा रहेका अस्पतालको सिफारिसको आधारमा गम्भीर / आपतकालीन अवस्था भइ जिल्ला बाहिर लिनु परेमा ५० प्रतिशत छुट ।

**(ख) नि:शुल्क / छुट एम्बुलेन्स सेवा प्राप्तिको लागि आवश्यक कागजात**

- नि:शुल्क सेवा दिनुपर्ने मनासिव कारण र आधार समेत खुलाइ नगरपालिकालाई सम्बोधन गरी लेखिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- कम्तिमा चारपटक गर्भ जाँच गराएको गर्भवती वा सुत्केरी महिलाको हकमा सम्बन्धित अस्पतालको कार्ड वा पत्र ।
- माथि उल्लेख भए अनुसारका लक्षित वर्गमा पर्ने व्यक्तिले सम्बन्धित वर्ग खुल्ने कागजात ।
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२०७९/८/१२

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४४११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३


**(ख) नगर बस सेवा नि:शुल्क / छुट प्राप्त गर्ने नागरिकहरू**

१. पाँच वर्षमुनिका बालबालिकाहरू,

२. जनयुद्ध / जनआन्दोलनका सहिद परिवार (आमा, बुवा, श्रीमान / श्रीमती र छोराछोरी)

३. जेष्ठ नागरिक (७० वर्षमाथि) लाई ७५ % छुट र अपाङ्गता भएका व्यक्ति (५०%) छुट

४. विद्यार्थीहरूलाई टिकट दरमा ५०% छुट,

५. अति विपन्न गरिव परिचय पत्र प्राप्त व्यक्तिहरू,

६. मृगौला डायलासिस गरी औषधीको लागि अस्पतालसम्म जाने व्यक्तिहरू ।

**नि:शुल्क / छुट नगर बस सेवा प्राप्तिको लागि आवश्यक कागजात :**

- माथि उल्लेख भए अनुसारका लक्षित वर्गमा पर्ने व्यक्तिले सम्बन्धित वर्ग खुल्ने कागजात वा नगरपालिकाबाट प्राप्त गरेको परिचयपत्र तथा अन्य कागजातमार्फत् पुष्टि गर्नुपर्नेछ ।

२०८१।८।१२

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत